Airlines Operators Association of Nepal
वायुसेवा संचालक संघ, नेपाल
संस्था दर्ता नं. : ६९२/०५५/०५६
पान नं. : ३०२२९२३०३
स.क.प.द.नं.: ..........

# प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री शेरवहादुर देउवाज्यू भारत भ्रमणवाट स्वदेश फर्किने क्रममा नेपाल वायुसेवा निगमको भी. भी.आई.पी. उडानमा मिडिया ग्रुपका केही व्यक्तिबाट असभ्य र उडान सुरक्षामा गंम्भिर असर पुग्ने असंवेदनशील व्यवहार देखाएको प्रति यस संघको ध्यानाकर्षण भएको छ ।

प्रधानमन्त्री सहितको भी.भी.आई.पी. टोली सवार उक्त उडानमा मिडिया ग्रुपका व्यक्तिहरुबाट उडानका क्रममा अपनाउनु पर्ने नियमलाई समेत उल्लघंन गर्दै निषेधित कक्षमा क्यामरा सहित प्रवेश गरी अमर्यादित व्यवहार देखाउनु दुर्भाग्यपूर्ण रहेको संघको ठहर छ ।

उक्त उडानमा यात्रुलाई अनावश्यक हैरानी हुने कार्य नगर्न चालक दलको पटक पटकको अनुरोधलाई बेवास्ता गर्दै जवरजस्ती भिडियो क्लिपिङ्ग गरी लाईभ समाचार प्रसारण गरेको भन्ने विभिन्न पत्रपत्रिकाहरुमा समाचार प्रकाशित भएकोले उडानकै क्रममा देखाएको यस प्रकारको हर्कतले उडानका साथै भि.भि.आई.पी. सुरक्षा प्रोटोकलको समेत उल्लघंन भएको हुदाँ यस्ता अवाञ्छित कार्य नगर्नु हुन संघ अनुरोध गर्दछ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ मा बायुयान भित्र शान्ति सु-व्यवस्था र अनुशासन कायम गर्ने सम्वन्धमा कानूनी व्यवस्थाहरु गरिएको र त्यस्तै नेपाल नागरिक उड्डयन प्राधिकरण, बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ मा नागरिक उड्डयन कार्यालयको बिना अनुमति बिमानस्थल क्षेत्र भित्र छायाँकन गर्न नपाईने कानूनी व्यवस्थाहरु रहेकोले उडान सुरक्षा (Flight Safety) र हवाई सुरक्षा (Aviation Security) मा उक्त नियमहरु तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट प्रतिपादित सिद्धान्तहरुको प्रतिकुल हुने गरी कही कतै वा कुनै कृयाकलाप भएमा देशको समग्र हवाई उड्डयन क्षेत्रको छविमा नकारात्मक प्रभाव पर्ने हुदाँ वायुयान भित्र सौहार्दपूर्ण व्यवहार गरी हवाई सुरक्षालाई सु-व्यवस्थित तथा अनुशासन कायम राख्ने विषयमा सम्पूर्ण सबैको सहयोगको अपेक्षा गर्दछौ ।

मिति २०७८।१२।२३

योगराज कंडेल शर्मा
प्रवक्ता